# स्थानिय-राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।३।३० (अतिरिक्ताङ्क ९)**


## भाग २

## आमाछोदिङमो गाउँपालिकाको सूचना

आमाछोदिङमो गाउँपालिकाको नियम बमोजिम आमाछोदिङमो गाउँपालिकाबाट बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावनाः स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को

आमाछोदिङमो स्थानीय राजपत्र

छ (१०) ले दिएको अधिकार प्रयोग गरी आमाछोदिङमो गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५" रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "इजाजतपत्र" भन्नाले आमाछोदिङमो गाउँपालिकाले जारी गरेको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गांउँपालिका सम्झनु पर्दछ ।

गः "नविकरण" भन्नाले इजाजतपत्र प्राप्त गरिसकेपछि हरेक आ.व. को सुरुमा गाउँपालिकाले निश्चित शुल्क लिइ पुनः १ वर्षको लागि दिइने अनुमतिलाई बुझ्नु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमाछोदिङमो गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि वमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन । तर उपभोक्ता समितिबाट हुने निर्माण कार्यको हकमा यो उपदफा लागू हुने छैन ।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस आमाछोदिङमो गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्बन्धमा देहायबमोजिमका समितिबाट जाँचबुझ गराउने पर्नेछ ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः प्राविधिक शाखा प्रमुख

सदस्यः योजना शाखा प्रमुख / प्रशासनशाखा

सदस्यः निर्माण व्यवसायी संघका प्रतिनिधि

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका स्तरीय निर्माण व्यवसायी संघ गठन नहुदासम्म वा निमाण व्यवसायी संघको प्रतिनिधि उपस्थित हुन नसकेको खण्डमा निजको उपस्थितियेगर जाँचबुझ गर्न वाधा पुग्ने छैन। साथै उपरोक्त समितिले आवश्यक्ता अनुसार सम्बन्धित विषयको अन्य विज्ञलाई समेत आमन्त्रण गर्न नक्नेछ ।

(४० दफा (४) को उपदफा (२) अनुसारको समितिले गरेका सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(५) उपदफा २ बमोजिम समितिको सिफारिस गहित न्युनतम योग्यता पुगेका निमर्माण व्यवसायी फर्म कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम आमाच्छादिङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसून-२ बमोजिमको अस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको डाँवामा इजाजतपत्र प्रदान गर्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा ४ वमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि सम्मान भएका प्रत्येक निमाण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ माहेन। भित्र प्रचलित कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित सघीय प्रदेश स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउंपालिकावाट अनुसूची-२ गभोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउपालिकामा कागजात पेश गर्दा अनुसुची वमोजिमको पास बुक गरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समत पेश गर्नु पर्ने छ । यसरी अनुस्त्री-४ वमोजिमको पास बुक विवरण अद्यावधिक नगर्न फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउंपालिका बाध्य हुनेछैन ।

१ (२) उपदफा (२) बमोजिमको म्याद नाघेका छ महिनाभित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नवोंकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूबी २ वमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछन् ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन लागु भएको भन्दा अगावै सात्रिक जिल्ला विकास समितिको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालयबाट ईजाजत पत्र पास गरी चालु आ.व का लागि नविकरण गर्न आउने निर्माण व्यसायीको हकमा चालू आ.व भित्रै नविकरण गरेमा कुनै विलम्ब शूल्क लाग्ने छैन तथा त्यो भन्दा बढि अवधिको नविकरण बाँकी रहेमा साविकको जिल्ला समाचग समितिको नियमअनुसार नै राजस्व लाग्नेछ ।

**६. इजाजतपत्रको खारेजी :**

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा क्रम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची - १

इजाजतपत्रको मागि दिईने दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी, रसुवा ।

विषय इजाजतपत्र पाउ भन्ने बारे।

आमाछोदिङमो गाउँपालिकाको कार्यालयको ...घ वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्न पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको हुँ/ गरेका छौं ।

१ दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नामः

ठेगानाः

पोष्ट बक्सः

टेलिफोन फ्याक्सः/ईमेलः

२ फर्म वा कम्पनीको प्रकृति

प्राइभेट मिमिटेड कम्पनी पब्लिक लि.

एकलौटी साझेदारीः

३ सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको

टेलिफोन / मो.नं

४ फर्म वा कम्पनीको विवरण

दर्ता नं दर्ता मिति जारी पूँजी

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना

५ इजाजतपत्र लिन चाहेको वर्गः घ वर्ग

आमाछोदिङमो स्थानीय राजपत्र

६ समूहीकरण हुन चाहेको समूह

७ आर्थिक श्रोतको विवरण

| स्रोत | रकम | वित्तीय सस्था बैंकको नाम |
|---|---|---|
| म्यादी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

नोटः उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुटै पेश गर्न सकिनेछ।

८ कामदारको विवरण :-

क) प्राविधिक :-

ख) अप्राविधिक :-

गा अन्य :-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेका निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता / संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात र उक्त मेशिनरी औजारहरु चालू हालतमा रहेको छ भनि मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेखित सम्पूण व्यहोरा ठिक/सांचो हो । झुठा ठहरे कानून वमोजिम सहुंला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको दस्तखत :-

मिति :

आमाछोदिङमो स्थानीय राजपत्र

## अनुसूची- २

### कार्यविधिको दफा ४ को उपदफा (५) र दफा ५ को उपदफा (२) र (३) सँग सम्बन्धित

### ईजाजतपत्र नविकरण दस्तुर

| क्र. सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत पत्र दस्तुर | ईजाजत पत्र नविकरण शूल्क | ईजाजत पत्र नविकरण विलम्व शूल्क | ईजाजत पत्र प्रतिलिपि दस्तुर | सेवा शूल्क | |
|---|---|---|---|---|---|---|---|
| १ | घ | रु. ५००० /- | रु. ३००० /- | रु. ४००० /- | रु. १००० /- | रु. २५० ०/- | रु. १०० ०/- |

द्रस्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा (२) वमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण नगराउँदा ईजाजतपत्र नविकरण विलम्ब शूल्क महलमा उल्लिखित दस्तुर समेत तिर्नुपर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसुची - ३

कार्यविधिको दफा ४ को उपदफा (५) सँग सम्बन्धित

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेशी, रसुवा

इजाजतपत्र

३ नं. प्रदेश, नेपाल

ईजाजत पत्र नं.

मिति :

घ वर्गका निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ४ वमोजिम निर्माण व्यवसाय गर्न ......................... स्थित कार्यालय भएको ............................ फर्म वा कम्पनीलार्य ईजाजतपत्र गर्न प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको :-

दस्तखत :-

पद :-

मिति :-

कार्यालय :-

घ

नवीकरण सम्बन्धी विवरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौ.नं. र मिति | नवकरण गर्ने पदाधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

आमाछोदिङमो स्थानीय राजपत्र

## अनुसूची - ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं | आयोजनाको नाग | सार्वजनिक निकायको विवरण | संयुक्त उपकरणको नाम | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारी विवरण | समयावधी थप विवरण यदि भए माः | Variation विवरण यदि | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

आमाछोदिङमो स्थानीय राजपत्र

## अनुसुची-५

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पांच लाख रुपैयांको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक कर्मचारी र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना आर्थिक प्रशासन हेर्ने जनशक्तिको सेवा पूरा समय प्राप्त हुने
व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) मिक्सर (एक थान)

(ख) Theodolite/Level Machine (एक सेट)

(ग) बाटर पम्प (तीन थान)

(घ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पश गर्नु पर्नेछ । २. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा
स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेर्चाबखन गर्नपाइने छैन । ४. पन्ध वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु

निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र